आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ०६ जुलाई २०२४

समयः १८:५० - १९:०० बजे

प्रमुख समाचार

१. केंद्रीय गृहमंत्री अमित शाहले सरकारले आगामी पांच बर्षहरुमा लगभग दुई लाख ग्राम पंचायत्हरुमा बहुद्देश्यीय प्राथमिक कृषि ऋण सोसायटी- पैक्सको स्थापना गरिने बताउनु भएको छ।

२. संसदीय मामिला मन्त्री किरेन रिजिजुले संसदको बजेट अधिवेशन २२ जुन देखि सुरु भएर १२ अगस्त सम्म चल्ने जानकारी दिनु भएको छ|

३. प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहले भारतीय जनसंघका संस्थापक डा. श्यामा प्रसाद मुखर्जीलाई उहाँको जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नु भएको छ।

४. आगामी१० जुलाईमा हुने उपचुनावको लागि चार विधानसभा सिटहरु मद्धे दुई- उत्तर २४ परगनाको बागदा अनि नदियाको रानाघाट दक्षिणए सुरक्षा कारणहरुले गर्दा चुनाव आयोग (ईसी) को निगरानीमा रहेको छ।

५. विगत केही दिनदेखि परेको अविरल वर्षाका कारण दार्जिलिङ हिमालयन रेलवे मार्ग बाधित बनेको छ|

**अमित शाह**

केंद्रीय गृहमंत्री अमित शाहले भन्नुभएको छ – सरकारले आगामी पांच बर्षहरुमा लगभग दुई लाख ग्राम पंचायत्हरुमा बहुद्देश्यीय प्राथमिक कृषि ऋण सोसायटी- पैक्सको स्थापना गर्नेछ। यी पैक्स को स्थापना ती ग्राम पंचायतहरुमा गरिनेछ जो अहिलेसम्म सहकारिता क्षेत्र देखि बाहिर छन् । श्री शाहले 102ओ अंतर्राष्ट्रीय सहकारिता दिवसको अवसरमा गांधी नगर स्थित महात्मा मंदिरमा आयोजित सहकार से समृद्धि कार्यक्रमको अवधि यो घोषणा गर्नुभएको हो। सहकारी समितिहरु बीच आर्थिक सहयोग माथि जोर दिनुहुदै श्री शाहले सहकारी बैंक नेटवर्कलाई बलियो बनाउन सबै जिल्ला अनि राज्य सहकारी समितिहरुसित वित्तीय लेनदेन केवल सहकारी ब्यांकहरुमानै गर्ने आग्रह गर्नुभयो। उहाले यस संदर्भमा गुजरातको बनासकांठा अनि पंचमहल जिल्लाहरुमा शुरू गरिएको प्रायोगिक परियोजनाहरुको प्रगतिको सराहना गर्नुभयो।

****** ० ******

**संसद्-बजेट अधिवेशन**

संसदको बजेट अधिवेशन २२ जुन देखि सुरु हुनेछ। संसदीय मामिला मन्त्री किरेन रिजिजुले सामाजिक सञ्जालमा एउटा पोस्ट मार्फत बजेट सत्र 12 अगस्त सम्म चल्ने जानकारी दिनु भएको छ। उहाँले भन्नु भयो केन्द्रीय बजेट 2024-25 23 जुलाईमा लोकसभामा पेश गरिनेछ। श्री रिजिजुले राष्ट्रपति द्रौपदी मुर्मुले बजेट अधिवेशनको लागि दुवै सदनको अधिवेशन बोलाउने प्रस्तावको लागि केन्द्र सरकारको सिफारिसलाई अनुमोदन गरेको बताउनु भएको छ।

****** ० ******

**श्यामा प्रसाद मुखर्जी**

प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहले भारतीय जनसंघका संस्थापक डा. श्यामा प्रसाद मुखर्जीलाई उहाँको जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नु भएको छ। सामाजिक सञ्जालमा एउटा पोष्टमा, प्रधानमन्त्रीले भन्नु भयो डा. श्यामा प्रसाद मुखर्जीले आफ्नो बलियो राष्ट्रवादी विचारले भारतलाई गौरवान्वित गर्नु भएको छ। मातृभूमिप्रतिको आफ्नो समर्पण र बलिदानले देशवासीलाई सधै प्रेरणा दिने उहाँले बताउनु भयो। गृहमन्त्री अमित शाहले देशको एकता र संप्रभुताको लागि डा मुखर्जीलाई सम्झिने बताउनु भएको छ। श्री शाहले डा मुखर्जीले जनसंघको स्थापना गरेर देशलाई वैचारिक विकल्प दिएको बताउनु भयो।

****** o ******

**स्वास्थ्य मन्त्रालय**

स्वास्थ्य मन्त्रालयले नीट यु जी काउन्सिलिङ स्थगित भएको खबर गलत भएको स्पष्ट पारेको छ किनभने काउन्सिलिङको मिति अझै घोषणा गरिएको छैन। नीट यु जी काउन्सिलिङ स्थगित भएको मिडिया रिपोर्टहरू बीच स्वास्थ्य मन्त्रालयले यो स्पष्टीकरण दिएको हो।

****** o ******

**उपचुनाव(WB)**

आगामी10 जुलाईमा हुने उपचुनावको लागि चार विधानसभा सिटहरु मद्धे दुई- उत्तर 24 परगनाको बागदा अनि नदियाको रानाघाट दक्षिण, सुरक्षा कारणहरुले गर्दा चुनाव आयोग (ईसी) को निगरानीमा रहेको छ । मुख्य निर्वाचन अधिकारीको कार्यालय अनुसार, यी इलाकाहरुमा सबै भन्दा अधिक केंद्रीय सशस्त्र पुलिस बलहरु तैनात गर्ने बिषयमाथि जोर दिईएको छ। बागदामा 960 कर्मी मतदान बुथहरुमा अनि 192 कर्मी त्वरित प्रतिक्रिया दलहरु अर्थात् क्यूआरटीका लागि तैनात गरिनेछ। रानाघाट दक्षिणमा 900 कर्मी बुथहरुमा अनि 180 त्वरित प्रतिक्रिया दलहरुका लागि तैनात रहनेछन्।अन्य दुई सिटहरु, मानिकतला अनि रायगंजमा तैनाती कम्ती रहनेछ। रायगंज में 672 कर्मी बुथहरुमा अनि 192 क्यूआरटीका लागि तैनात रहनेछन्। त्येसरिनै मानिकतलामा 720 कर्मी बुथहरुमा अनि 144 क्यूआरटीको लागि तैनात रहनेछन्। मुख्य निर्वाचन अधिकारीको कार्यालयका एक अधिकारीले यस पल्ट क्यूआरटीको प्रभावी उपयोग सुनिश्चित गरिने बताएका छन्। हालै भएको लोकसभा चुनावमा क्यूआरटी ढिलो पुगेको शिकायतहरु प्राप्त भएको थियो । उल्लेखनीय छ-बर्ष 2021 को विधानसभा चुनाव अनि लोकसभा चुनावको परिणामहरु अनुसार, भाजपा - रायगंज, बागदा अनि रानाघाट दक्षिणमा दह्लिलो स्तिथिमा छ भने तृणमूल मानिकतलामा अघि रहेको छ ।

****** o ******

**मुकुल रोय**

पूर्व रेल मन्त्री मुकुल रोयको स्थिति गम्भीर बनेको छ। केही दिनअघि आफ्नो घरमा लड़ेपछि उहाँलाई अस्पतालमा भर्ती गराइएको थियो। अस्पतालका एक अधिकारीले बताए अनुसार, रोय अहिलेपनि अस्पतालको आईसीयूमा छन् र उहाँको स्थितिमाथि डाक्टरहरूले लगातार नजर राखिरहेका छन्।तृणमूल कांग्रेसका संस्थापक सदस्य मुकुल रोय,बर्ष 2017 मा भाजपामा सामेल भएका थिए अनि 2021को विधानसभा चुनाउमा कृष्णानगर उत्तर निर्वाचन क्षेत्रबाट भाजपाको टिकटमा विजयी भएका थिए। यद्यपि, पछि उनी पुनः तृणमूलमा फर्केका थिए। उल्लेखनीय छ गत मंगलवार राति बाथरूममा लड़ेर उहाँ मुर्छा परेका थिए। यसपछि उहाँलाई एक निजी अस्पतालमा भर्ती गराइएको थियो।

****** o ******

**पेमा खाण्डु-दलाइ लामा**

अरुणाचल प्रदेशका मुख्यमन्त्री पेमा खाण्डुले आज १४ औं दलाई लामालाई उहाँको ८९ औं जन्मदिनको अवसरमा शुभकामना दिनु भएको छ। सामाजिक संजालको एउटा पोस्टमा श्री खाण्डुले यस अवसरमा छैटौं दलाई लामाको जन्मस्थल अर्गेलिङमा रुखको बिरुवाहरु रोपिएको जानकारी दिनु भयो। श्री खाण्डुले यी रुखको बिरुवाहरुले १४ औं दलाई लामाको शान्तिए करुणा र वातावरण संरक्षणको दिगो सन्देशको प्रतीक भएको बताउनुभयो।

****** ० ******

## सिक्किम दलाइ लामा

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले आज १४ औं दलाई लामाको ८९ औं जन्मजयन्तीमा उहाँलाई शुभकामना दिनु भएको छ। श्री तामाङले सामाजिक सञ्जाल पोस्टमा एउटा पोस्टमा सिक्किमको जनता र आफ्नो तर्फबाटए दलाई लामालाई हार्दिक अभिवादन र शुभकामना व्यक्त गर्न पाउनु उहाँको लागि ठूलो सम्मानको कुरा रहेको बताउनु भयो|

****** ० ******

## दलाई लामा- मिरिक

मिरिक भोटिया एशोसिएशनद्वरा महामहिम दलाई लामाको 89 औ जन्म दिवस मिरिक भूटिया समाज भवनमा भव्यरूपमा पालन गरियो । कार्यक्रममा डाक्टर टाँशी वाङदीले परम पावन दलाई लामा, बाैद्ध धर्मगुरू रहेको जानकारी गराँउदै प्रत्येकवर्ष उहाको जन्मदिवस पालन गर्ने क्रममा यसवर्ष पनि भव्यरूपमा दलाई लामाको जन्मदिन पालन गरिएको बताउनुभयो। उहाँले दलाई लामाको जन्म पूर्वोत्तर तिब्बतको तकत्सेर नामक एउटा सानो गाँउमा भएको जानकारी गराँउदै दलाई लामा करुणाको बोधिसत्वको अभिव्यक्ति रहेको बताउनुभयो। दलाई लामाले आध्यात्मिक ज्ञानको विस्तार गर्नको साथै विश्वमा शान्ति स्थपनाको लागि अहम भूमिका पालन गरेको उहाले अझ बताउनुभयो।

****** ० ******

## टेलदा छेचु उत्सव

पद्म सम्भव बुद्धिष्ट लामा एसोसिएशनको आयोजनामा आगामी 14 देखि 17 जुलाईसम्म शानड्रूप तारगेलिङ शेर्पा बुद्धिष्ट गुम्बा सोनादा दार्जिलिङमा टेलदा छेचु उत्सव मनाइने भएको छ। संस्थाका अध्यक्ष खेन्पो पासाङ दावा शेर्पाले दिएको जानकारी अनुसार हिमाली चन्द्र पत्र अनुसार छैटो महिनाको दशमीको दिनमा टेलदा छेचु मनाइन्छ।यो चन्द्रमासको दशौँ दिनमा आयोजना गरिने एउटा धार्मिक उत्सव हो। बौद्ध धर्मको यो महत्वपूर्ण उत्सव बौद्ध धर्मको बज्रयान परम्परासित सम्बन्धित छ। यस उत्सवलाई एउटा धार्मिक परम्पराको संकीर्ण परिभाषाभन्दा बाहिर लैजाने उदेश्यले सम्पूर्ण भक्तजनलाई उत्सव अर्थात पुजामा उपस्थित भइदिने आह्वान गरिएको छ। भगवान बुद्धको उदारवादी लोकाचारलाई ध्यानमा राखेर यस उत्सव एवम् पूजालाई सिमित परिधिमा नराखेर सामाजिक, धार्मिक, सिमाहरू पार गर्दै मानव जातिको शान्ति, समृद्धिको प्रार्थना गर्नको निम्ति आयोजना गरिएको छ। यो उत्सव एवम् पूजामा पालरी गुम्बा कालिम्पोङका महामहिम सिङ्रङुप टुल्कु रिम्पोछेज्युको उपस्थितिमा हुनेछ। आयोजक पद्मसम्भव बुद्धिष्ट लामा एसोसिएसनद्वारा सम्पूर्ण भक्तजनलाई यस भव्य पुजामा उपस्थित भई पुण्य लाभ र्गनहुन हार्दिक निमन्त्रणा गरिन्छ।

****** ० ******

## डी.एच.आर

विगत केही दिनदेखि परेको अविरल वर्षाका कारण दार्जिलिङ हिमालयन रेलवेको ट्र्याक रंगटंग, तीनधारे र पगलाझोराको विभिन्न स्थानहरुमा पहिरोको कारण क्षति पुगेको छ। ट्र्याकमा क्षति पुगेपछि एनजेपीदेखि दार्जिलिङ र दार्जिलिङदेखि एनजेपीसम्मको टोय ट्रेन सेवा ठप्प भएको छ। यस सम्बन्धमा डी.एच.आर निर्देशक प्रियांशुले भारी वर्षाका कारण एनजेपी दार्जिलिङ र दार्जिलिङको एनजेपी टोय ट्रेन सेवा जुलाई 6 र 7 जुलाईमा रोकिने बताउनु भएको छ। उहाँले वर्षा रोकिएर ट्रक मर्मतको काम सकिएपछि सोमबारदेखि सेवा सुचारु हुने जानकारी दिनु भएको छ।

****** ० ******

## रक गार्डन

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको पर्यटन विभागको कार्यकारी निर्देशकको कार्यालयले एउटा सूचना जारी गर्दै दार्जीलिङ् स्थित रक गार्डन अनि गङ्गामाया पार्कलाई अस्थायी रूपमा बन्द गर्ने घोषणा गरेको छ। सूचनामा पहाडको विभिन्न क्षेत्रहरुमा हालैमा परेको अविरल वर्षाको कारण पहिरो जाने, सडक अवरुद्ध हुने र जोखिमपूर्ण रुपमा नदीको बहाव बढ्दै गएकोले पर्यटक तथा स्थानीय मानिसहरुको सुरक्षाको लागि सावधानी अपनाउने निर्णय लिइएको जानकारी दिएको छ। पार्कहरू अर्को सूचना नआए सम्म बन्द रहनेछन् र पानीको स्तर घटेपछि फेरि खोलिनेछन्।

**गुरुङ बस्ती**

सिलगढी महानगरपालिकाको वार्ड नम्बर तीन अन्तर्गतको सहरको व्यस्त बजारहरु मध्ये एक गुरुङ बस्ती बजारबाट अवैध दोकानहरूलाई पूर्ण रूपमा हटाइएको छ।

****** ० ******